# आर्थिक वर्ष २०८०।८१ को बजेट तथा करमा भएको संशोधन



**A.S.U.S. Associates**
**Chartered Accountants**

# विषयसूची




- बजेटका उद्देश्य
- बजेटका प्राथमिकता
- बजेटका सारांश
- करमा गरेको संशोधन
- अन्य

# आर्थिक वर्ष २०८०।८१ को बजेटका उद्देश्य

क. अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने,

ख. गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,

ग. लगानी मैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोवल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने.

घ. समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,

ङ.संघीयताको सवलीकरण र सुशासन कायम गर्ने,

च. बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने ।

# बजेटका प्राथमिकताहरू

क. कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास,

ख. लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन,

ग. सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा,

घ. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

ङ. डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन,

च. वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन,

छ. मानव संसाधन विकास र रोजगारी सिर्जना.


ज. वित्तीय क्षेत्र सुधार,

झ. वित्तीय संघीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार,

ञ. सार्वजनिक वित्त प्रणालीमा सुधार ।

# बजेटका साराश

## श्रोत व्यवस्थापन





## श्रोत व्यवस्थापन

| शीर्षक | रकम (रु करोड मा) | प्रतिशत |
|---|---|---|
| राजस्वबाट | १२४,८६२ | ७१.३० |
| वैदेशिक अनुदानबाट | ४,९९४ | २.८५ |
| बजेट घाटा | ४५,२७५ | २५.८५ |
| **जम्मा** | **१७५,१३१** | **१००** |

## बजेट विनियोजन

| शीर्षक | रकम (रु करोड मा) | प्रतिशत |
|---|---|---|
| चालु खर्च | ११४,१७८ | ६५.२० |
| पुँजीगत खर्च | ३०,२०७ | १७.२५ |
| वित्तिय व्यवस्था खर्च | ३०,७४५ | १७.५६ |
| **जम्मा** | **१७५,१३१** | **१००** |

## बजेट विनियोजन



# बजेटका साराश

## कार्यगत खर्च अनुमान

| शीर्षक | रकम (रु करोड मा) | प्रतिशत |
|---|---|---|
| सामान्य सार्वजनिक सेवा | ६३,०५५ | ३६ |
| रक्षा | ५,७३० | ३.२७ |
| सार्वजनिक शान्ति सुरक्षा | ७,१२० | ४.०७ |
| आर्थिक मामिमला | ३९,०९७ | २२.३२ |
| वातावरण संरक्षण | ८६० | ०.४९ |
| आवास तथा सामुदायिक सुविधा | ६,६०३ | ३.७७ |
| स्वास्थ्य | १०,२२७ | ५.८७ |
| मनोरंजन, संस्कृति तथा धर्म | ६६६ | ०.३८ |
| शिक्षा | १९,७७८ | ११.२९ |
| सामाजिक सुरक्षा | २१,९४५ | १२.५३ |
| जम्मा | १७५,१३१ | १०० |

अपेक्षित आर्थिक वृद्धि दर
६ प्रतिशत


अनुमानित मुद्रास्फीति दर
६.५ प्रतिशत

# बजेटका साराश

**संघ, प्रदेश र स्थानिय तहमा  राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण**

| सरकार | प्रदेश | स्थानिय सरकार |
|---|---|---|
| समानीकरण अनुदान | ५८ अर्ब ६७ करोड | ८७ अर्ब ३५ करोड |
| सर्शत अनुदान | ३५ अर्ब ७२ करोड | १ खर्ब ९१ अर्ब ८९ करोड |
| समपुरक अनुदान | ६ अर्ब २२ करोड | ७ अर्ब ५ करोड |
| राजस्व बाँडफाँट | १ खर्ब ७३ अर्ब ९२ करोड | |

- राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रमको लागि रु ७ अर्ब बजेट विनियोजन गरेको छ
- प्रधाामन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्याक्रमको लागि रु ५० करोड बजेट विनियोजन गरेको छ
- स्टार्टअपलाई प्रोत्साहन गर्नको लागि रु १ अर्ब २५ करोड बजेट विनियोजन गरेको छ
- व्याज  अनुदान कार्याक्रमको लागि रु ११ अर्ब ५९ करोड बजेट विनियोजन गरेको छ
- संसदीय क्षेत्र पूर्वाधार विकास कार्याक्रमको लागि रु ८ अर्ब २५ करोड बजेट विनियोजन गरेको छ


TAX
AMENDMENTS

# आय कर ऐनमा भएका संशोधन

**दफा ११ को उपदफा १**

तर कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रुपमा दर्ता भई कृषि व्यवसाय, तरकारिलाई डिहाइर्डेड गर्ने व्यवसाय वा कोल्डस्टोर व्यवसाय संचालन गरी प्राप्त गरेको आयमा लाग्ने करमा ~~शतप्रतिशत~~ पचास प्रतिशत छुट हुनेछ ।

**दफा ११ को उपदफा (२ख)**

कुनै आय वर्षमा वर्षभरि पूर्णरुपले संचालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछः

(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले,

(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशतले,

~~(ग) खण्ड (क) वा (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले यस दफा बमोजिम अर्को कुनै कर सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउनेछ ।~~

# आय कर ऐनमा भएका संशोधन

**दफा ११ को उपदफा (३घ) विद्युतको व्यापारिक कारोबार गर्ने व्यक्तिलाई देहाय बमोजिम कर छुट हुनेछः**

(क) संवत् ~~२०८३~~ २०८४ साल चैत्र महिनासम्म जलविद्युत, सौंय, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै र त्यसपछिको पाचँ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ ।

तर संवत् २०८५ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका चालीस मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजना र ती आयोजनासँग तादाम्यता (टेन्डम अपरेशन) राखि संचालन गरिने तल्लो तटीय जलविद्युत आयोजनाको हकमा पहिलो पन्ध्र वर्षसम्म पूरै र त्यसपछिको छ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ ।

**दफा ११ को** उपदफा (३ङ) पचास करोड रूपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको ~~कुनै कम्पनी हुने गरी~~ कुनै कम्पनी पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक कम्पनीको रूपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म लाग्ने करमा दश प्रतिशत छुट हुनेछ ।

# आय कर ऐनमा भएका संशोधन

**दफा ११ का उपदफा (३ङ) को खण्ड (ग) को स§मा देहायको खण्ड (ग) राखिएको छ :-**

~~(ग) नेपालमा उत्पादन भएको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिमको छुटपछि कायम हुने करमा थप पचास प्रतिशत।~~

(ग) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग, सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०८४।८५ सम्म विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म लाग्ने करमा पचास प्रतिशत ।

**दफा ११ को** उपदफा (५) एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले उपदफा (२ख) बमोजिमको सुविधाको अतिरिक्त आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ ।

दफा २२ को उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर अदालतमा मुद्दा परी त्यस्तो मुद्दाको निरूपण पश्चात कुनै प्राकृतिक व्यक्तिले रोजगारी बापत विगत आय वर्षहरुको पारिश्रमिक एकमुष्ट भुक्तानी प्राप्त गरेको अवस्थामा कर प्रयोजनका लागि सम्बन्धित आय वर्षमा प्रोदभावी ( एकुयल) आधारमा लेखाङ्कन गर्नु पर्नेछ ।

**दफा ४७क. को उपदफा (६)**

उपदफा (१) अनुसार गाभिई नि:सर्ग हुन चाहने एकै वर्गका निकायले संवत् २०७९ साल असार मसान्तभित्र गाभिने आशयपत्र ~~आन्तरिक राजस्व~~ विभागमा दिनु पर्नेछ ।

## आय कर ऐनमा भएका संशोधन

**दफा ५७ को उपदफा (२) को खण्ड (घ)**

(घ) स्वामित्व परिवर्तन हुनुअघि दफा २४ को उपदफा (४) ~~को खण्ड (क)~~ बमोजिम कुनै रकम वा खर्च बापत हिसाब गरेको र स्वामित्वको परिवर्तन पछि सो रकम वा खर्चको दफा २४ को उपदफा (४) बमोजिम समायोजन गर्न,

**दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८)**

(८) ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतका दरले ।

तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ ।

**दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (९) पछि देहायको खण्ड (९क) थपिएको छः-**

(९क) संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न हुने दुई सय मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाले विदेशी बैङ्क वा अन्य विदेशी वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी गर्दा पाँच प्रतिशतका दरले ।

# आय कर ऐनमा भएका संशोधन

**दफा ८८ उपदफा ३**

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेञ्चर तथा सरकारी बण्ड बापत देहाय बमोजिमको ब्याज वा ब्याज बापतको कुनै रकम भुक्तानी दिँदा कुल भुक्तानी रकममा ~~पाँच~~ छ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ :-

(क) नेपालमा स्रोत भएको, र

(ख) व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको ।

**दफा ८८ उपदफा ३** मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेञ्चर तथा सरकारी बण्ड बापत देहाय बमोजिमको ब्याज वा ब्याज बापतको कुनै रकम भुक्तानी दिँदा कुल भुक्तानी रकममा ~~पाँच~~ छ प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ :-

(क) नेपालमा स्रोत भएको, र

(ख) व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको ।

**दफा ८८ उपदफा ४ खण्ड** (ख२) ~~(ख२) संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुई सय मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाले विदेशी बैङ्क वा अन्य विदेशी वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापत तिरेको ब्याज,~~

# आय कर ऐनमा भएका संशोधन

**दफा ८९ उपदफा (३)**

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैरबासिन्दा व्यक्तिलाई दिने भुक्तानीबाट देहाय बमोजिम कर कट्टी गर्नु पर्नेछ :-

(क) ठेक्का वा करारमा पाँच प्रतिशत,

(ख) गैरबासिन्दा बीमा कम्पनीलाई प्रिमियम भुक्तानी गर्दा वा गैरबासिन्दा बीमा कम्पनीबाट पुनर्बीमा बापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशनमा एक दशमलव पाँच प्रतिशत,

(ग) खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक विभागले त्यस्तो बासिन्दा व्यक्तिलाई लिखित सूचना दिएकोमा सो सूचनामा उल्लिखित दरमा ।

~~तर नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले आफ्नो प्रयोजनका लागि खरिद गर्ने हातहतियार, गोलीगठ्ठा तथा सञ्चार उपकरणको खरिद बापतको भुक्तानीमा यो उपदफा लागू हुने छैन ।~~

**दफा ९५क. को उपदफा (६ख)**

व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै प्रकृतिको अन्य विद्युतीय सेवा उपलब्ध गराए बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भए सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको ~~एक~~ पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ ।

# आय कर ऐनमा भएका संशोधन

**दफा ९५क. को उपदफा (६ग)**

व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले व्यक्तिगत रुपमा नेपाल बाहिर परामर्श सेवा प्रदान गरे बापत विदेशी मुद्रामा कुनै भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको ~~एक~~ पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।

**दफा ९५क. को उपदफा (६घ)**

व्यवसाय सञ्चालनमा संलग्न नरहेको बासिन्दा प्राकृतिक व्यक्तिले सामाजिक सञ्जालमा श्रव्यदृश्य सामग्री अपलोड गरे बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको ~~एक~~ पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।

**दफा ९५क. को उपदफा (६ङ) थप**

(६ङ) बासिन्दा विद्युतीय व्यापार सञ्चालक (इ- कमर्श अपरेटर) ले आफ्नो प्लेटफर्ममा आबद्ध भई कुनै वस्तु, सेवा वा वस्तु र सेवा प्रदान गर्ने व्यक्तिलाई वस्तु, सेवा वा वस्तु र सेवा बिक्री बापतको रकम भुक्तानी गर्दा एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।

# आय कर ऐनमा भएका संशोधन

**दफा ९५क. को उपदफा ७**

(७) व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैंसी, खसी, बोका, भेडा, च्याङ्ग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमीकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फुलहरु, भाग ७ मा पर्ने ताजा तरकारी, आलु प्याज, सुक्खा तरकारी, लसुन, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफूलहरुमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा पाँच प्रतिशत तथा भाग २ को मासु, भाग ४ को दूधजन्य पदार्थ, अण्डा, मह, भाग १० को कोदो, फापर, जुनेलो, चामल, कनिका, भाग ११ को मैदा, आँटा तथा पिठो, भाग १२ को जडिबुटी, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा दुई दशमलव पाँच प्रतिशत अग्रिम आयकर भन्सार बिन्दुमै असुल उपर गरिनेछ।

तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा एक दशमलव पाँच प्रतिशत अग्रिम आयकर असुल उपर गरिनेछ।

# आय कर ऐनमा भएका संशोधन

## अनुसुचि १ को उपदफा १

| एकल व्यक्ति | दाम्पत्य व्यक्ति | करको दर |
|---|---|---|
| रु पाँच लाख सम्म करयोग्य आय भएमा | रु छ लाख सम्म करयोग्य आय भएमा | १ प्रतिशत |
| रु पाँच लाख भन्दा बढी तर रु सात लाख सम्म करयोग्य आय भएमा | रु छ लाख भन्दा बढी तर रु आठ लाख सम्म करयोग्य आय भएमा | १० प्रतिशत |
| रु सात लाख भन्दा बढी तर रु दश लाख सम्म करयोग्य आय भएमा | रु आठ लाख भन्दा बढी तर रु एघार लाख सम्म करयोग्य आय भएमा | २० प्रतिशत |
| रु दश लाख भन्दा बढी तर रु बिश लाख सम्म करयोग्य आय भएमा | रु एघार लाख भन्दा बढी तर रु बिश लाख सम्म करयोग्य आय भएमा | ३० प्रतिशत |
| रु बिश लाख भन्दा बढी तर रु पचास लाख सम्म करयोग्य आय भएमा | रु बिश लाख भन्दा बढी तर रु पचास लाख सम्म करयोग्य आय भएमा | ३६ प्रतिशत |
| रु पचास लाख भन्दा बढी करयोग्य आय भएमा | रु पचास लाख भन्दा बढी करयोग्य आय भएमा | ३९ प्रतिशत |

**अनुसुचि १ को उपदफा ४(क)** यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिको दफा ९५क. को उपदफा (६ख), (६ग), (६घ) बमोजिमको आयमा ~~एक~~ पाँच प्रतिशतले कर लाग्नेछ ।

# आय कर ऐनमा भएका संशोधन

**अनुसुचि १ को उपदफा (१३)** भाडाका सवारी साधन धनीहरूबाट यातायात व्यवस्था कार्यालय मार्फत सवारी साधन दर्ता वा नवीकरणका बखत देहाय बमोजिमको वार्षिक कर असुल गरिनेछ :-

| सवारीको किसिम | आ. व. २०७९।८० वार्षिक कर | आ. व. २०८०।८१ वार्षिक कर |
|---|---|---|
| (१) कार, जिप, भ्यान, माइक्रो बस | | |
| (क) १३०० सी.सी.सम्म | ४,००० | ५,५०० |
| (ख) १३०१ देखि २००० सी.सी. सम्म | ४,५०० | ६,००० |
| (ग) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | ५,००० | ६,५०० |
| (घ) २९०१सी.सी. देखि ४०००सी.सी. सम्म | ६,००० | ८,००० |
| (ङ) ४००१ सी.सी. देखि माथि सबै | ७,००० | ९,००० |
| (२) मिनीट्रक, मिनीबस, पानी टेङ्कर | ६,००० | ८,००० |
| (३) मिनी ट्रिपर | ७,००० | ९,००० |
| (४) ट्रक, बस | ८,००० | १०,५०० |
| (५) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | १२,००० | १५,५०० |
| (६) तेल टैंङ्कर, ग्यास बुलेट, टिपर | १२,००० | १५,५०० |
| (७) ट्रेक्टर | २,००० | २,५०० |
| (८) पावर टिलर | १,५०० | २,००० |
| (९) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो | २,००० | २,५०० |
| (१०) विद्युतीय सवारी साधन | | |
| (क) ५० किलोवाटसम्म | | ३,००० |
| (ख) ५० किलोवाटदेखि १२५ किलोवाटसम्म | | ४,००० |
| (ग) १२५ किलोवाटदेखि २०० किलोवाटसम्म | | ६,००० |
| (घ) २०० किलोवाट भन्दा माथि सबै | | ७,५०० |

# आय कर ऐनमा भएका संशोधन

**अनुसुचि १ को उपदफा २(२)** कुनै आय वर्षमा कुनै बैङ्क, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय, वित्तिय कारोबार गर्ने निकाय वा दूरसञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैङ्किङ्ग व्यवसाय, कमोडिटी फ्युचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, बिँडी, सिगार, खानेसुर्ती, खैनी, गुट्खा, पानमसला, मदिरा, बियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको करयोग्य आयमा तीस प्रतिशतका दरले कर लाग्नेछ ।

**अनुसुचि १ को उपदफा २(३) बमोजिम सहकारी संस्थालाई कर**

| कार्य क्षेत्र | आ. व. २०७९।८० | आ. व. २०८०।८१ |
|---|---|---|
| **सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा** | | |
| (क) नगरपालिका क्षेत्रभित्र सञ्चालन | पाँच प्रतिशत | पाँच प्रतिशत |
| (ख)उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन | सात प्रतिशत | सात प्रतिशत |
| (ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन | दश प्रतिशत | दश प्रतिशत |
| **बचत तथा ऋणको कारोबार गर्ने सहकारीको हकमा** | | |
| (क) नगरपालिका क्षेत्रभित्र सञ्चालन | | दश प्रतिशत |
| (ख)उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन | | पन्ध्र प्रतिशत |
| (ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन | | बिस प्रतिशत |

# मुल्य अभिवृद्धि कर ऐनमा भएका संशोधन

**दफा ८ को उपदफा (२) पछि देहायका उपदफा (२क) थपिएको छ :**
दर्ता नभएको कुनै व्यक्तिबाट ढुवानि साधन भाडामा लिने वा ढुवानि सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मुल्यमा भुक्तानिका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुलउपर गर्नु पर्नेछ ।

**दफा २९ को उपदफा (१घ) पछि देहायको उपदफ (१ङ) थपिएको छ :**
ऐनको दफा २५ को उपदफा (१) को खण्ड (क), (क१) र (क२) बमोजिम विद्युतीय माध्यमबाट स्वचालित रुपमा कर फिर्ता लिँदा नपाउने कर फिर्ता लिएको पाइएमा कर अधिकृतले कर बिगोको पच्चीस प्रतिशत रकम जरिवाना गर्न सक्नेछ ।

**मुल्य अभिवृद्धि कर ऐन को अनुसुचि १ को समुह ९ यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरु**
~~हवाई यात्रा~~, यान्त्रिक पुलबाट हुने सेवा, सार्वजनिक यात्रुवाहक यातायात (केवुलकार बाहेक) ~~ढुवानी साधनको भाडा, ढुवानि सेवा (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक)~~ तथा निर्यात प्रयोजनको लागि कार्गो सेवा ।

मूल्य अभिवृद्धि करमा दर्ता भई वार्षिक एक करोड रूपैयाँसम्मको कारोबार गर्ने करदाताले हाल हरेक महिना कर र सोको विवरण पेश गर्ने व्यवस्था रहेकोमा अबदेखि चार चार महिनामा पेश गर्ने व्यवस्था गरेको छ ।

ट्रेकिङ्ग तथा टुर प्याकेज सम्बन्धी सेवालाई अनुसुचि १ बाट हटाएको छ ।

## अन्य

**विलासिता शुल्कः-**

**विलासिता शुल्कः-**

(१) नेपालमा उपभोग हुने देहायका विलासिताका वस्तु तथा सेवाको खरिद रकममा दुई प्रतिशतका दरले विलासिता शुल्क लगाई असुल गरिनेछ :-

(क) पाँच तारे र सो भन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा,

(ख) आयातित मदिरा,

(ग) दश लाख रूपैयाँभन्दा बढी मूल्यका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गरगहना ।

(२) देहाय बमोजिमको व्यक्तिले उपदफा (१) बमोजिमको दरले विलासिता शुल्क लगाई असुल गर्नु पर्नेछः-

(क) पाँच तारे र सो भन्दा माथिका होटल तथा लक्जरी रिसोर्टले सेवा प्रदान गरेको बखत,

(ख) आयातित मदिरामा पैठारी हुने भन्सार विन्दुमा पैठारीका बखत,

(ग) दश लाख रूपैयाँभन्दा बढी मूल्यका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गरगहना विक्रेताले बिक्रीका बखत,

(३) उपदफा (२) बमोजिम विलासिता शुल्क बापत सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र उपदफा (२) बमोजिमको कुनै व्यक्तिले विलासिता शुल्क बापतको रकम दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लगाई असुल गरिनेछ ।

## अन्य

### विलासिता शुल्कः-

(५) उपदफा (२) बमोजिमको कुनै व्यक्तिले उपदफा (३) बमोजिमको विवरण पेश नगरेमा त्यस्तो व्यक्तिलाई विवरण पेश गर्नु पर्ने मितिबाट यस्तो विवरण दाखिला नभएको मितिसम्मको वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुने रकम शुल्क लाग्नेछ ।

(६) उपदफा (२) बमोजिमको व्यक्तिले उपदफा (१) बमोजिमको विलासिता शुल्क वापतको रकम असुल नगरेमा सो रकमको पच्चीस प्रतिशत शुल्क लाग्नेछ ।

(७) विलासिता शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

### वैदेशिक रोजगार सेवा शुल्क :

(१) प्रचलित सङ्घीय कानून बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नु पर्नेछ। त्यस्तो रकम वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम इजाजतपत्रप्राप्त व्यक्तिले अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र त्यस्तो शुल्क दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लगाई असुल गरिनेछ ।

(४) वैदेशिक रोजगार सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ ।

## अन्य

**मोबाइल फोनको दर्ता सम्बन्धी विशेष व्यवस्था:**

संवत् २०८० साल जेष्ठ १५ गतेसम्म नेपालमा प्रयोगमा रहेका तर नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको मोबाइल डिभाइस मेनेजमेन्ट प्रणालीमा विभिन्न कारणले दर्ता हुन नसकेका सेलुलर मोबाइल फोन सम्बन्धित फोनको प्रयोगकर्ताले संवत् २०८० साल असार मसान्तसम्ममा मोबाइल फोनसेटको आइएमइआइ नम्बर समेत उल्लेख गरी एकमुष्ट महसुल बापत आईफोन र एक लाख रुपैयाँ भन्दा बढी मूल्यका लागि प्रति फोनसेट दश हजार रुपैयाँ, अन्य स्मार्ट फोन सेटको लागि प्रति फोनसेट तीन हजार रुपैयाँ र स्मार्ट मोबाइल फोनसेट बाहेकका अन्य साधारण मोबाइल फोनसेटका लागि प्रति फोनसेट दुई सय रुपैयाँ नेपाल सरकार, अर्थ मन्त्रालयले तोकिदिएको राजस्व खातामा बुझाई सोको प्रमाण सहित मोबाइल डिभाइस मेनेजमेन्ट प्रणालीमा दर्ता गर्न चाहेमा नेपाल दूरसञ्चार प्राधिकरणले त्यस्ता मोबाइल फोनहरुलाई दर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ । तर श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई छ महिनाभन्दा बढी अवधी विदेशमा बसी फर्केका नेपाली नागरिकले सोको प्रमाण पेश गरेमा त्यस्ता व्यक्तिले प्रयोग गरेका एक थान सेलुलर मोबाइल फोन नेपाल दूरसञ्चार प्राधिकरणले नि:शुल्क दर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**बक्यौता कर मिनाहा सम्बन्धी विशेष व्यवस्था:**

आर्थिक वर्ष २०६३।६४ सम्मको संवत् २०६५ साल असार मसान्तसम्म कर निर्धारण भई असुल हुन नसकेका आयकर बक्यौतामध्ये प्रति लगत पचास हजार रुपैयाँसम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिनाहा गरिएको छ ।

## अन्य

**फर्दर पब्लिक अफरिङ (एफपिओ) जारी गरी प्राप्त रकमबाट लाभांश बापत वितरित बोनस शेयरको रकम आयमा समावेश नगरेका निकायलाई शुल्क र ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था:**

कुनै निकायले फर्दर पब्लिक अफरिङ (एफपिओ) बाट प्रिमियम मूल्यमा शेयर जारी गरी प्राप्त भएको रकममध्ये आर्थिक वर्ष २०७८।७९ सम्म हिताधिकारीलाई बोनस शेयरको रूपमा वितरण गरेको लाभांश रकमलाई आयकर ऐन, २०५८ को दफा ५६ को उपदफा (३) बमोजिम आयमा समावेश गरी कर दाखिल नगरेको भए उक्त रकममा लाग्ने कर संवत् २०८० साल मंसिर मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ ।

**मर्जर वा एक्विजिसनको लाभमा लाग्ने करमा शुल्क र ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था:**

निकायहरु आपसमा गाभिदा वा प्राप्ति (मर्जर वा एक्विजिसन) मा सौदाबाजी गर्दा प्राप्त लाभ (बार्गेन पर्चेज गेन) बापतको आयलाई कर प्रयोजनको लागि आयमा समावेश गरी कर दाखिल नगरेको भए आर्थिक वर्ष २०७८।७९ सम्मको त्यस्तो आयमा लाग्ने कर संवत् २०८० साल मंसिर मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ ।

## अन्य

**सञ्चार गृह (मिडिया हाउस) को कारोबारमा कर छुट सम्बन्धी विशेष व्यवस्थाः**

सञ्चार गृह (मिडिया हाउस) को कारोबार गर्ने बासिन्दा व्यक्तिलाई आय वर्ष २०७९।८० मा आफ्नो व्यावसायिक उद्देश्य अनुरुपको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पच्चीस प्रतिशत छुट हुनेछ ।

**धितोपत्र, जग्गा तथा घरजग्गाको व्यवसायिक कारोबार गर्नेलाई छुट सम्बन्धी विशेष व्यवस्थाः**

प्राकृतिक व्यक्तिले नियमित व्यवसायको रूपमा धितोपत्र, जग्गा तथा घरजग्गाको कारोबारको आय विवरण तथा कर दाखिल गर्न बाँकी रहेको भए आर्थिक वर्ष २०७६।७७ देखि २०७८।७९ सम्मको त्यस्तो कारोबारको घोषणा गरी आयकर ऐन, २०५८ बमोजिम लाग्ने करको पचास प्रतिशत रकम संवत् २०८० साल चैत मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने बाँकी कर, शुल्क तथा ब्याज मिनाहा हुनेछ । यसरी कर दाखिल गर्ने प्राकृतिक व्यक्तिको सो भन्दा अघिल्ला आर्थिक वर्षहरूको कर, शुल्क तथा ब्याज मिनाहा हुनेछ ।

**वैदेशिक रोजगार वा शैक्षिक परामर्श सेवा व्यवसाय गर्ने व्यक्तिलाई छुट सम्बन्धी विशेष व्यवस्थाः**

वैदेशिक रोजगार वा शैक्षिक परामर्श सेवा व्यवसाय गर्ने व्यक्तिले विगतका आर्थिक वर्षहरूमा आयकर ऐन, २०५८ बमोजिम स्वदेश तथा विदेशबाट प्राप्त वास्तविक आय घोषणा नगरेको वा वास्तविक कर दाखिल नगरेको भए त्यस्तो आय घोषणा गरी संवत् २०५० साल चैत मसान्तभित्र सोमा लाग्ने आयकर दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ ।

## अन्य

**आँखा अस्पताललाई मूल्य अभिवृद्धि कर छुट सम्बन्धी बिशेष व्यवस्था:**

(१) मूल्य अभिवृद्धि करमा दर्ता भएको वा नभएको आँखा अस्पतालले विगतमा मूल्य अभिवृद्धि कर लाग्ने कारोबार गरी मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिल नगरेको भएमा आर्थिक वर्ष २०७६।०७७ देखि संवत् २०८० साल जेठ १४ गतेसम्मको कारोबार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल असोज मसान्तभित्र दाखिल गरेमा बाँकी कर थप दस्तुर व्याज र जरिवाना मिनाहा हुनेछ।

यसरी कर दाखिल गर्ने आँखा अस्पतालको सो भन्दा अघिल्ला आर्थिक वर्षहरुको कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

(२) उपदफा (१) समोजिम कर लाग्ने कारोबारमा कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन रहेको मुद्दा फिर्ता लिई आर्थिक वर्ष २०७६।०७७ देखि संवत् २०५० साल जेठ १४ गतेसम्मको कारोवार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल असोज मसान्तभित्र दाखिल गरेमा बाँकी कर, थप दस्तुर, व्याज र जरिवाना मिनाहा हुनेछ। यसरी कर दाखिल गर्ने आँखा अस्पतालको सो भन्दा अघिल्ला आर्थिक वर्षहरूको कर, थप दस्तुर व्याज र जरिवाना मिनाहा हुनेछ।

## अन्य

**सुजीको कारोबारमा मूल्य अभिवृद्धि कर छुट सम्बन्धी विशेष व्यवस्था:**

(१) सुजी उत्पादन वा बिक्री वितरण गर्ने व्यक्तिले आर्थिक वर्ष २०७१।०७२ देखि संवत् २०७६ साल जेठ १४ गतेसम्मको कारोबारमा मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिल नगरेको भएमा सो वस्तुको कारोबार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल असोज मसान्तभित्र दाखिल गरेमा बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ ।

(२) उपदफा (१) बमोजिम कर लाग्ने कारोबारमा कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन रहेको मुद्दा फिर्ता लिई आर्थिक वर्ष २०७१÷७२ देखि संवत् २०७६ साल जेठ १४ गतेसम्मको त्यस्तो कारोबार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल असोज मसान्तभित्र दाखिल गरेमा बाँकी कर, थप दस्तुर ब्याज र जरिवाना मिनाहा हुनेछ ।

**गैरबासिन्दा व्यक्तिलाई शुल्क, ब्याज र थप दस्तुर मिनाहा सम्बन्धी बिशेष व्यबस्था:**

वार्षिक बीस लाख रूपैयाँ भन्दा बढीको विद्युतीय सेवा बिक्री गर्ने गैरबासिन्दा व्यक्तिले स्थायी लेखा नम्बर लिई संवत् २०८० साल जेठ मसान्तसम्मको मूल्य अभिवृद्धि कर संवत् २०८० साल असार २५ गतेसम्म दाखिल गरेमा सोमा लाग्ने शुल्क, व्याज र थप दस्तुर मिनाहा हुनेछ । स्थायी लेखा नम्बर लिई करको दायरामा आइसकेका गैरबासिन्दा व्यक्तिको हकमा समेत यो व्यवस्था लागू हुनेछ ।

# अन्य

**हायर पर्चेज कारोबार गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी विशेष व्यवस्था:**

(१) हायर पर्चेज कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर सङ्कलन र दाखिल नगरेको भएमा आर्थिक वर्ष २०७४।०७५ देखि आर्थिक वर्ष २०७७।०७८ सम्मको कारोबारको दुई प्रतिशतले हुने रकम संवत् २०८० साल मंसिर मसान्तसम्म दाखिल गरेमा आर्थिक वर्ष २०७७।०७८ र सो भन्दा अघिका आर्थिक वर्षहरुको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम आर्थिक वर्ष २०७७।०७८ र सो भन्दा अघिका आर्थिक वर्षहरुको मूल्य अभिवृद्धि कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन रहेको मुद्दा फिर्ता लिई आर्थिक वर्ष २०७४।०७५ देखि आर्थिक वर्ष २०७७।०७८ सम्मको कारोबारको दुई प्रतिशतले हुने रकम संवत् २०५० साल मंसिर मसान्तसम्म दाखिल गरेमा आर्थिक वर्ष २०७७।०७८ र सो भन्दा अघिका आर्थिक वर्षहरुको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिनाहा हुनेछ।

**गैरसरकारी संस्थाहरुले प्राप्त गर्ने अनुदानमा मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी विशेष व्यवस्था:**

संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका गैरसरकारी संस्थाहरुले दातृ निकाय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त अनुदानमा मूल्य अभिवृद्धि कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन रहेको मुद्दा फिर्ता लिई संवत् २०८० साल मंसिर मसान्तसम्ममा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिएमा निर्धारण भएको मूल्य अभिवृद्धि कर र त्यसमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

## अन्य

**निर्माण व्यवसाय गर्ने व्यक्तिलाई बक्यौता मूल्य अभिवृद्धि कर छुट सम्बन्धी विशेष व्यवस्थाः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका निर्माण व्यवसाय गर्ने व्यक्तिले संवत् २०७९ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र कर नबुझाएको भए बुझाउन बाँकी कर विवरण, सो विवरण बमोजिमको कर र ब्याजको पचास प्रतिशत रकम संवत् २०८० साल पुस मसान्तसम्म बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर र बाँकी ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिले संवत् २०७९ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण बुझाई कर दाखिला गर्न मात्र बाँकी रहेको भएमा बक्यौता कर र ब्याजको पचास प्रतिशत रकम संवत् २०५० साल पुस मसान्तसम्म बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने थप दस्तुर र बाँकी ब्याज मिनाहा हुनेछ ।

**ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी विशेष व्यवस्थाः**

मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता नभएको कारण दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर दाखिला नगरेको भए मूल्य अभिवृद्धि कर लाग्ने अवधिको कारोबार रकमको पाँच प्रतिशतले हुने रकम संवत् २०८० साल पुस मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ । त्यस्तो कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको पाँच प्रतिशतले हुने रकम संवत् २०८० साल पुस मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ ।

## अन्य

**मूल्य अभिवृद्धि करको दायरामा आउने जडिबुटीमा आधारित उद्योगलाई छुट सम्बन्धी विशेष व्यवस्था:**

(१) मूल्य अभिवृद्धि करमा दर्ता भएका वा नभएका जडिबुटीमा आधारित उद्योगले आर्थिक वर्ष २०७१।०७२ देखि मूल्य अभिवृद्धि कर लाग्ने वस्तुमा मूल्य अभिवृद्धि कर संकलन र दाखिल नगरेको भएमा मूल्य अभिवृद्धि करमा दर्ता भई आर्थिक वर्ष २०७१।०७२ देखि संवत् २०८० साल जेठ १४ गतेसम्मको कारोबार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल पुस मसान्तभित्र दाखिल गरेमा बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम कर लाग्ने कारोबारमा कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन रहेको मुद्दा फिर्ता लिई आर्थिक वर्ष २०७१।०७२ देखि संवत् २०८० साल जेठ १४ गतेसम्मको कारोबार रकमको पाँच प्रतिशत रकम संवत् २०८० साल पुस मसान्तभित्र दाखिल गरेमा बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

## अन्य

**दूधमा आधारित पेय पदार्थ उत्पादन गर्ने उद्योगलाई अन्त:शुल्क छुट सम्बन्धी विशेष व्यवस्था:**

अन्त:शुल्क ऐन, २०५८ बमोजिम अन्त:शुल्क निर्धारण र असुल गरी विवरण पेश गर्नुपर्ने दायित्व भएका स्वयं निष्कासन प्रणालीमा आधारित अन्त:शुल्क इजाजतपत्र लिएका वा नलिएका दुधमा आधारित सुवासयुक्त पेय पदार्थ उत्पादन गर्ने उद्योगले इजाजतपत्र नलिएको भए इजाजतपत्र लिई संवत् २०७९ साल चैत्र मसान्तसम्मको कारोबारको बुझाउनु पर्ने अन्त:शुल्क विवरण र अन्त:शुल्क रकम संवत् २०८० साल असोज मसान्तसम्म दाखिल गरेमा अन्त:शुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिवाना र विलम्ब शुल्क मिनाहा हुनेछ ।

त्यस्तो कारोबारमा कर निर्धारण भई बक्यौता रहेका वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई त्यस्तो कारोबारको बुझाउनु पर्ने अन्त:शुल्क रकम संवत् २०८० साल असोज मसान्तसम्म दाखिल गरेमा सोमा लाग्ने जरिवाना र विलम्ब शुल्क मिनाहा हुनेछ ।

शैक्षिक परामर्शदाता मार्फत विदेशमा अध्ययन गर्न नो अब्जेक्सन सर्टिफिकेट लिँदा र विदेशी विश्वविद्यालयमा बैङ्कबाट विदेशी मुद्रा पठाउँदा सम्बन्धित शैक्षिक परामर्श संस्थाको स्थायी लेखा नम्बर अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने व्यवस्था मिलाइने ।

पेशा व्यवसायमा संलग्न व्यक्तिको पेशागत प्रमाणपत्र नवीकरण गर्दा सम्बन्धित नियामक निकायमा अनिवार्य रूपमा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## भन्सार महसुल तथा अन्तःशुल्क दरमा संशोधन

मार्बल, ट्राभर टिन, इकोजिन र अन्य चुनढ्‍ढारा स्मारक वा भवन बनाउन प्रयोग हुने ढुंगामा पाँच प्रतिशत अन्तःशुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर १५ प्रतिशत पुऱ्याइएको छ ।

ठोस रूपमा उखु वा चुकन्दर र रासायनिक तवरबाट शुद्ध गरिएको चिनीको भन्सार दर घटाएर ४० प्रतिशतबाट ३० प्रतिशत बनाइएको छ ।

५० देखि सय किलोवाटसम्मका विद्युतीय सवारीमा ५ प्रतिशतले भन्सार दर बढाएर १५ प्रतिशत पुर्‍याइएको छ भने अन्तःशुल्क १० प्रतिशत लगाइएको छ ।
सयदेखि दुई सय किलोवाटसम्मका विद्युतीय सवारीमा २० प्रतिशत भन्सार र २० प्रतिशत अन्तःशुल्क कायम गरिएको छ । यसअघि यी दुवै कर ३० / ३० प्रतिशत थिए ।
२ सय किलोवाटदेखि ३ सय किलोवाटसम्म सवारीमा यसअघि ४५ प्रतिशत भन्सार दर रहेकामा घटाएर ४० प्रतिशत बनाइएको छ ।

कुरकुरे, कुरमुरे, लेज, चिजबल प्रतिकिलो १७ रुपैयाँ अन्तःशुल्क रहेकामा त्यसलाई बढाएर प्रतिकिलो २० रुपैयाँ पुर्‍याइएको छ ।
आलु चिप्स प्रतिकिलो १७ रुपैयाँ अन्तःशुल्क लाग्ने गरेकामा १८ रुपैयाँ पुऱ्याइएको छ ।

सुर्तीरहित पान मसला प्रतिकिलो ८ सय २१ बाट बढाएर ८ सय ५० पुर्‍याइएको छ । सुर्तीरहित सुगन्धित सुपारी (गुट्खा) को अन्तःशुल्क प्रतिकिलो ३ सय ५० बाट बढाएर ३ सय ६५ रुपैयाँ पुऱ्याइएको छ ।

## भन्सार महसुल तथा अन्तःशुल्क दरमा संशोधन

जर्दा, खैनी, नस, गुट्खा र निकोटिनयुक्त पान मसला तथा सुर्ती मिश्रित तयारी वस्तुमा प्रतिकिलो ८ सय २१ अन्तःशुल्क लाग्ने गरेकामा त्यो बढेर प्रतिकिलो ८ सय ५० रुपैयाँ पुऱ्याइएको छ ।

७० मिमिसम्मको लम्बाइ भएको चुरोटमा प्रतिएम १ हजार ६ सय २५ बाट बढाएर १ हजार ६ सय ९० पुऱ्याइएको छ। ७० देखि ७५ मिमिसम्म लम्बाइ भएकामा प्रतिएम २ हजार ३ सय, ७५ देखि ८५ मिमिसम्मकोमा प्रतिएम २ हजार ९ सय ७० अन्तःशुल्क तोकिएको छ ।

फिल्टर नभएको सुर्तीको चुरोटमा प्रतिएम ७ सय १० रुपैयाँ अन्तःशुल्क रहेकामा त्यसलाई ७ सय ३० पुऱ्याइएको छ ।

सक्खर (गुँद र भेलीसमेत) को अन्तःशुल्क प्रतिक्विन्टल १ सय ५ पुऱ्याइएको छ । अन्डा मिसाइएका स्पागेटी, म्याक्रोनी, नुडल्स, कुकु (उत्तर अफ्रिकी खाद्य पदार्थ) पास्तालगायत वस्तुमा प्रतिकिलो १७ रुपैयाँ अन्तःशुल्क लाग्ने गरेकामा बढाएर प्रतिकिलो २० पुऱ्याइएको छ ।

उखुको खुदोको अन्तःशुल्क प्रतिक्विन्टल ९६ बाट बढाएर प्रतिक्विन्टल १ सय ५ बनाइएको छ ।

सुन्तलाको रस (फ्रोजेन अरेन्ज जुस), भोगटेको रस, भुइँकटहरको रस, गोलभेंडाको रस (टमाटो जुस), अंगुरको रस, स्याउको रस, आँपको रस, क्यानबेरी जुस, म्याक्रो कार्पन जुसलगायत वस्तुमा प्रतिलिटर ११ बाट बढाएर १३ रुपैयाँ पुऱ्याइएको छ ।

## भन्सार महसुल तथा अन्त:शुल्क दरमा संशोधन

अल्कोहलरहित बियर प्रतिलिटर ३० बाट बढाएर प्रतिलिटर ३५, जौबाट बनेको बियर प्रतिलिटर २ सय २८ बाट बढाएर २ सय ३५ रुपैयाँ अन्त:शुल्क पुऱ्याइएको छ ।

एक्स्ट्रा न्युट्रल अल्कोहल (ईएनए) प्रतिलिटर ८६ बाट बढाएर प्रतिलिटर ९० पुऱ्याइएको छ । ८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको डिनेचर्ड स्प्रिटमा प्रतिलिटर ३० अन्त:शुल्क लाग्ने गरेकामा ३५ रुपैयाँ पुऱ्याइएको छ ।

वाइन र ब्रान्डीको कच्चा पदार्थका रूपमा प्रयोग हुने सबै प्रकारका स्प्रिंटहरूको अन्त:शुल्क प्रतिलिटर २ सय २८ बाट बढाएर २ सय ३५ रुपैयाँ पुऱ्याइएको छ ।

ह्विस्कीको कच्चा पदार्थका रूपमा प्रयोग हुने स्प्रिटमा प्रतिलिटर २ सय २८ बराबर अन्त:शुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर प्रतिलिटर २ सय ३५ रुपैयाँ पुऱ्याइएको छ ।

रम र अन्य स्प्रिंटहरूको कच्चा पदार्थका रूपमा प्रयोग हुने उखुको उत्पादनका स्प्रिटमा पनि प्रतिलिटर २ सय २८ बाट बढाएर २ सय ३५ रुपैयाँ पुऱ्याइएको छ । १५ यूपी शक्तिको विस्की (४८.५ प्रतिशत) अल्कोहल मात्रा भएकालाई प्रतिलिटर १ हजार ७ सय ५० बराबर अन्त:शुल्क लाग्ने गरेकामा बढाएर १ हजार ८ सय रुपैयाँ पुऱ्याइएको छ ।

जिन र जेनेभाको कच्चा पदार्थका रूपमा प्रयोग हुने स्प्रिटमा प्रतिलिटर २ सय २८ बराबर अन्त:शुल्क लाग्ने गरेकामा बढाएर २ सय ३५ रुपैयाँ पुऱ्याइएको छ ।

मुल्य अभिवृद्धि कर ऐनको अनुसुची १ मा भएको संशोधन तथा भन्सार महसुल र अन्त : शुल्क दरमा भएको संशोधनको विस्तृत व्यहोरा हाम्रो website www.aasus.com.np मा उपलब्ध छ ।

**Disclaimer**

The information contained here in sole for our staff and client. We shall not be liable for any decision taken on the basis of matter contained herein.


**A.S.U.S. Associates, Chartered Accountants**
Address: Kupondole, Lalitpur, Nepal
Contact: +977-5902260/5909049
Email: info@aasus.com.np
Website: www.aasus.com.np